२०८१-१-२०

६८ औ वैठक

**निर्णयहरु:**

१. आगामी आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विगत वर्षमा सञ्चालित कार्यक्रमको निरन्तरता दिने वा हटाउने वा थप गर्ने विषयमा आन्तरिक तयारी गर्ने। साथै सबै मन्त्रालयले स्वयं मन्त्रालयभित्रका निकाय र अन्य मन्त्रालय/निकायहरु बीच बजेट र कार्यक्रमहरुमा दोहोरो नपर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यवस्था मिलाउने।

२. प्रदेश आयोजना वैंक कार्यान्वयनमा ल्याउनका लागि प्रदेश नीति तथा योजना आयोगले विज्ञ सहितको छलफल तथा अन्तरकृया कार्यक्रम शीघ्र आयोजना ग र्ने ।

३. प्रदेश सरकार मातहतका कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय हाजिरी प्रणालीको सुरुवात गरी कार्यान्वयन गर्ने सम्बन्धमा यसपूर्व विभिन्न मितिको सचिव वैठकबाट निर्णय भएको तर कतिपय निकायले हालसम्म पनि विद्युतीय हाजिरी प्रणाली प्रयोगमा नल्याएको सन्दर्भमा प्रदेश मन्त्रालय/सचिवालय/आयोगले मिति २०८१ जेठ १ गतेसम्म र अन्य मातहतका सम्पूर्ण कार्यालयहरूमा २०८१ असार १ देखि अनिवार्य रूपमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा ल्याई एकीकृत सूचना प्रणालीमा आवद्ध गर्ने व्यवस्था मिलाउने।

४. सबै मन्त्रालय/निकायले अनिवार्य रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स) फोकल पर्शन तोक्ने।

५. सबै मन्त्रालय/निकायले बेरुजु सम्बन्धी विवरण लगायतका विषयहरु बेरुजु सफ्टवेयरमा अपलोड, इन्ट्री गरी बेरुजु फर्छ्यौट सम्बन्धी कार्यलाई शीघ्रता दिने ।

६. संघीय सरकारका विभिन्न निकायहरु लगायत प्रदेश र स्थानीय तह समेतका विभिन्न निकायहरुबाट प्राप्त पत्रहरुको जवाफ लगायत माग गरिएका विवरणहरु तोकिएको समयमै उपलब्ध गराउने । संघीय सरकारका विभिन्न निकायबाट आयोजना हुने कार्यक्रममा प्रतिनिधित्वको लागि माग भई आएमा तोकिएको पदाधिकारीको अनिवार्य रुपमा प्रतिनिधित्व हुने व्यवस्था मिलाउने । सचिव उपस्थित हुन नसक्ने अवस्थामा प्रतिनिधि तोकि पठाउने ।